आकाशवाणी

January 25th, 2025 Saturday

**प्रमुख समाचार:**

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रको नाममा सम्बोधन
- आज १५ औं राष्ट्रिय मतदाता दिवस देशभर मनाइँदै,
- भारत र इन्डोनेसियाबीच धेरै सम्झौताहरूमा हस्ताक्षर
- भारत र इंग्ल्याण्डबीचको पाँच ट्वान्टी–२० क्रिकेट श्रृंखलाको दोस्रो खेल आज चेन्नईमा हुँदै
- अनि अष्ट्रेलियन ओपन टेनिसको महिला एकल फाइनलमा म्याडिसन कीज पहिलो ग्रान्डस्लाम उपाधि जित्न सफल

1. Prez – Speech

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रका नाममा सम्बोधन गर्नु भएको छ । सम्बोधनमा राष्ट्रपतिले मातृभूमिलाई विदेशी चंगुलबाट मुक्त गर्न त्याग र बलिदान दिएका शूरवीरहरूको स्मरण गर्नुभएको छ। उहाँले सम्बोधनमा देशको आर्थिक वृद्धि दर लगातार उच्च बिन्दुमा रहेको र हाम्रा युवाहरूका लागि रोजगारका अवसरहरू आइरहेको बताउनुभयो। उहाँले सरकारले वित्तिय समावेशीलाई सर्वोच्च प्राथमिकता दिएको उल्लेख गर्दै विभिन्न योजनाहरूबारे चर्चा गर्नुभयो। उहाँले जलवायु परिवर्तनको विश्वव्यापी संकट सामना गर्न जनतालाई योगदान दिन आह्वान गर्नुभयो। राष्ट्रपतिले पर्यावरणको संरक्षण र संवर्धनमा व्यक्तिविशेष र समुदायलाई अझै सक्रिय रहन प्रेरित गर्ने अनुकरणीय प्रयासहरूको पनि उल्लेख गर्नुभयो। आकाशवाणीले यस सम्बोधनलाई आफ्नो क्षेत्रीय नेटवर्कमा राति साढे नौ बजेदेखि प्रसारण गर्नेछ।

2. Republic Day

आकाशवाणी र दूरदर्शनले भोलि कर्तव्य पथबाट ७६ औं गणतन्त्र दिवस परेड प्रत्यक्ष प्रसारण गर्नेछ। यो प्रसारण आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्कका साथै ओटीटी प्लेटफर्ममा पनि उपलब्ध हुनेछ। गणतन्त्र दिवसको अवसरमा प्रहरी, अग्निशमन, होमगार्ड र नागरिक रक्षा तथा सुधार सेवाका नौ सय ४२ जनालाई वीरता र सेवा पदक प्रदान गरिएको छ ।

3. Sikkim's Millet Man-Republic Day

कृषि विज्ञान केन्द्र मङ्गनले "सिकिमको मिलेट म्यान" भनेर चिनिने श्री छिरिङ ग्याछो लेप्चालाई गणतन्त्र दिवस 2025 का अवसरमा राष्ट्रपति भवनमा आयोजित हुने स्वागत कार्यक्रम-मा सहभागी हुन चयन गरेको छ। उहाँलाई भारतको राष्ट्रपतिद्वारा दस प्रख्यात कृषिकर्तामध्ये एकका रूपमा मान्यता दिइएको छ। यो सम्मान राज्यका कृषक समुदाय र राज्यका लागि गर्वको कुरा हो। श्री लेप्चा एक प्रगतिशील किसान र समर्पित स्वदेशी बीउ संरक्षक हुनुहुन्छ, उहाँले स्थानीय बीउ प्रजातिहरूको संरक्षणलाई प्रवर्धन गरेर कृषिमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ। सानो जग्गाधनीबाट राष्ट्रिय मान्यताप्राप्त व्यक्ति बन्नेसम्मको उहाँको यात्राले समर्पित खेती अभ्यास र संरक्षण प्रयासहरूको महत्त्वलाई जोड दिन्छ। यो प्रतिष्ठित सम्मानले श्री लेप्चाको व्यक्तिगत उपलब्धिलाई मात्र प्रकाश पार्दैन, तर सिक्किमको किसान समुदायका प्रयासहरूको पनि प्रमाण दिँदछ। श्री लेप्चाले आकाशवाणी गान्तोक, समाचार प्रभागसँग आफ्ना विचार साझा गर्दै भन्नुभयो............Byte

## 4. India - Indonesia

भारत र इन्डोनेसियाले आज स्वास्थ्य सेवा सहयोग, परम्परागत चिकित्सा, सामुद्रिक सुरक्षा, सांस्कृतिक आदानप्रदान र डिजिटल विकास सम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ। इन्डोनेसियाका राष्ट्रपति श्री प्राबोवो सुब्यान्टोसँग आज नयाँ दिल्लीमा द्विपक्षीय र प्रतिनिधिमण्डलस्तरीय वार्तापछि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जारी गर्नुभएको प्रेस विज्ञप्तिमा राष्ट्रपति श्री प्राबोवोसँग पारस्परिक सहयोगका विभिन्न पक्षमा व्यापक छलफल भएको बताउनुभयो ।

## 5. Prez-PM-Indonesia Prez

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा इन्डोनेसियाका राष्ट्रपति श्री प्रबोवो सुब्यान्टोलाई औपचारिक स्वागत गर्नुभएको छ। इन्डोनेसियाका राष्ट्रपतिले गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथिका रुपमा आमन्त्रित भएकोमा खुसी व्यक्त गर्नुभयो । औपचारिक स्वागतपछि श्री सुब्यान्टोले राजघाटमा महात्मा गान्धीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

## 6. National Voters Day

आज १५ औं राष्ट्रिय मतदाता दिवस हो। यस अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारत विश्वको सबैभन्दा ठूलो, विविधतायुक्त, युवा, समावेशी र संवेदनशील लोकतन्त्र भएको देश हुनु गर्वको विषय भएको बताउनुभएको छ । आज नयाँ दिल्लीमा 15 औं राष्ट्रिय मतदाता दिवस कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मुले भारत लोकतन्त्रको जननी हो र देशमा लोकतान्त्रिक प्रक्रिया प्राचीन कालदेखि नै चल्दै आएको छ भन्नुभयो। उहाँले भारतको लोकतन्त्र आधुनिक संसारको लागि एक अद्वितीय उदाहरण हो भन्नुभयो। Byte...........

केन्द्रीय कानून र न्याय मन्त्री श्री अर्जुन राम मेघवालले निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न निर्वाचन आयोगको प्रयासको प्रशंसा गर्नुभयो । मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले भारतमा मतदाताको संख्या ९९ करोड नाघेको र छिट्टै एक अर्बभन्दा बढी मतदाताको नयाँ रेकर्ड कायम गर्ने बताउनुभयो । कार्यक्रमको क्रममा, राष्ट्रपति श्रीमती मुर्मुले सुचारू निर्वाचन सुनिश्चित गर्नका लागि उदाहरणीय प्रयासको लागि राज्य र जिल्ला अधिकारीहरूलाई उत्कृष्ट चुनावी व्यवहार पुरस्कार प्रदान गर्नुभयो ।

## 7. Modi – Voters Day

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि राष्ट्रिय मतदाता दिवसको अवसरमा जनतालाई शुभकामना दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले यो दिन भारतको जीवन्त लोकतन्त्र मनाउने र प्रत्येक नागरिकलाई आफ्नो मताधिकार प्रयोग गर्न सशक्त बनाउने बारेमा बताउनुभयो ।

## 8. PM – Wetlands

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले इन्दौर र उदयपुरलाई विश्वका ३१ सिमसार क्षेत्र मान्यता प्राप्त सहरको सूचीमा समावेश गरेकोमा खुशी व्यक्त गर्नुभएको छ। श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, यस मान्यताले दिगो विकास र प्रकृति र शहरी विकास बीचको सद्भावलाई बढावा दिन सरकारको प्रतिबद्धता झल्काउँछ। उहाँले यस उपलब्धिले देशैभर हरियाली, स्वच्छ र पर्यावरणमैत्री सहरी ठाउँहरू सिर्जना गर्ने दिशामा काम गरिरहन सबैलाई प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो।

9.IMD Weather

मौसम पूर्वानुमान महाशाखाले आगामी दुई दिन राजस्थानका विभिन्न क्षेत्रमा र हिमाचल प्रदेश र पञ्जाबमा शीतलहरको सम्भावना रहेको जनाएको छ । बिहारमा भोलिसम्म चिसो बढ्ने सम्भावना छ । यस बाहेक उप-हिमालयन पश्चिम बंगाल र सिक्किममा भोलिसम्म राति र बिहानको समयमा बाक्लो कुहिरो पर्ने सम्भावना छ।

10.India England T-20

भारत र इंग्ल्याण्डबीचको पाँच ट्वान्टी–२० क्रिकेट श्रृंखलाको दोस्रो खेल आज चेन्नईमा हुँदैछ । खेल साँझ ७ बजे सुरु हुने बताइको छ।

11.Australian Open अष्ट्रेलियन ओपन टेनिस महिला एकल फाइनलमा अमेरिकाकी म्याडिसन कीजले डिफेन्डिङ च्याम्पियन बेलारुसकी आर्ना साबालेन्कालाई रोमाञ्चक खेलमा पराजित गर्दै आफ्नो पहिलो ग्रान्डस्लाम उपाधि जितेकी छिन्। पुरुष एकलको उपाधि भिडन्तमा वर्तमान च्याम्पियन तथा शीर्ष वरियताका इटालीका यानिक सिन्नरले भोलि दोस्रो वरियताका जर्मन अलेक्जेन्डर ज्वेरेभसँग प्रतिस्पर्धा गर्नेछन्।